# गाउँका अगुवा वर्गलाई पन्छाएर गरिबमुखी कार्यक्रम सम्पन्न गर्न सकिँदैनः एक विवेचना

■ **विर्ख क्षेत्री**

## विषय सन्दर्भ

अहिले सामुदायिक वन (सा.व.) को सफलता र प्रसिद्धिसँगै विभिन्न सवालहरू पनि उठिरहेका छन् । आखिर सा.व. बाट कसले बढी फाइदा पाए त भन्ने सवाल यतिखेर जटिल प्रश्न बनेर उभिएको छ र उत्तरमा स्थानीय अगुवा अथवा टाठाबाठाहरूले नै यसबाट बढी फाइदा लिएको कुरा विभिन्न अनुसन्धानहरूले औंल्याउँदै आएका छन् । यसको साथ-साथै सा.व. बाट गरिबहरूले कसरी अधिकतम लाभ पाउने अथवा सा.व. लाई गरिबमुखी कसरी बनाउने भन्ने चुनौती र चर्चाहरू पनि आइरहेका छन् (यस अङ्कको पहिलो लेख हेर्नुहोस्) । केही औपचारिक तथा अनौपचारिक प्रस्तुतिहरूमा ती टाठा बाठाहरूलाई पन्छाएर अघि बढ्नुपर्छ भन्ने अभिव्यक्ति पनि यदाकदा आउने गरेका छन् । अहिलेको सन्दर्भमा सा.व. विकासको क्रममा स्थानीय अगुवाहरूको भूमिका कति सकारात्मक र कति नकारात्मक छन् ? सा.व. को माध्यमबाट गरिबमुखी कार्यक्रम सञ्चालन गर्न टाठाबाठाहरूको भूमिका कतिको सहयोगी र असहयोगी छन् ? त्यसलाई गरीबमुखी कार्यक्रमको पक्षमा कसरी रुपान्तरण वा उपयोग गर्न सकिन्छ ? भन्ने विषयहरू यस लेखमा प्रस्तुत गरिएको छ ।

## अगुवावर्ग र उनीहरूको भूमिका

मुख्यतः सा.व. उपभोक्ता समितिमा प्राप्त गरेका पद, जातीय संरचना, आर्थिक सम्पन्नता, सूचनाको पहुँच र लेखाइ, पढाइ नै अगुवा/टाठा-बाठा हुने आधार बनेका छन् । केही सा.व. मा अध्यक्ष र प्रमुख पदाधिकारी नै निर्णयका हर्ताकर्ता बनेका छन् जसले गर्दा उपभोक्ताले सा.व. भन्नुको सट्टा अध्यक्ष वा समितिको वन भन्ने गरेका छन्[९] । त्यस किसिमको निर्णय प्रक्रियाले गर्दा अति विपन्न घरधुरीहरूले आफ्नो नजिकैको स्रोतबाट पनि लाभ पाउन सकेका छैनन्, बरु त्यसले उनीहरूको जीविकोपार्जनमा सङ्कट पैदा गरेको छ[१०] । सामाजिक तथा जातीय र लैङ्गिक संरचनाले समाजमा विभिन्न व्यक्तिहरू बीच असमानता पैदा गरेको छ । सूचनाको पहुँच हुनेहरूले नीति-नियम, कानुन र निर्णयहरूलाई आफ्नो अनुकुल व्याख्या र प्रयोग गर्ने गरेका छन् । यसर्थ जातीय उच्चता, आर्थिक सम्पन्नता र सूचनाको पहुँच हुनेहरूको नै समूहमा बोलवाला चलेको छ[११] । निर्णय प्रक्रियामा यस किसिमको बाहुल्यता रहेको ठाउँमा निमुखा तथा विपन्नहरूले सा.व.बाट पर्याप्त लाभ पाउन सकेका छैनन् । यसैगरी जातीय रुपमा उच्च र आर्थिक रुपमा सम्पन्न हुनेहरूले नै उपभोक्ता समूहमा शक्ति नियन्त्रण गर्ने हुनाले विपन्न घरधुरी र वर्गहरू स्रोतको वैज्ञानिक प्रयोगबाट पाखा लगाइएको स्थिति पनि छ[१२] भने शैक्षिक आधार चाहिँ नेतृत्वको शर्त र अवसर बनेको छ[१३] । यसरी सूचना, शिक्षा र सम्पत्तिमा पछि परेकाहरू निर्णयको पहुँचबाटै टाढिएका छन् जसको फलस्वरुप सा.व. बाट गाउँका मध्यम वर्गीय अगुवा र टाठाबाठा नै अगुवा भएका छन् र बढी लाभान्वित भएका छन् । सा.व. को माध्यमबाट भौतिक पूर्वाधार, संस्थागत संरचना र वातावरणीय स्थितिमा जे जति प्रगति भएको छ त्यसको तुलनामा समूहका विपन्न वर्ग लाभान्वित हुन सकेका छैनन्[१४] । यसकारण अहिलेको अवस्थामा अगुवा वर्गको भूमिका अति विपन्न वर्गको हितमा तन, मन र वचनले नै लागेको छ भन्ने पर्याप्त आधारहरू देखिँदैन । यति

हुँदा हुँदै पनि उनीहरूको भूमिका गरिबहरूको विपक्षमा छ भन्नु चाहिँ अन्याय नै हुन्छ किनभने वनस्रोत दैनिक आपूर्ति र वातावरणीय सुधारबाट केन्द्रित हुँदै गरिबमुखी विकास अवधारणासम्म सा.व. विकासको क्रममा आइपुग्नुमा स्थानीय अगुवावर्गको भूमिका अत्यन्त महत्वपूर्ण छ । यसर्थ सा.व. लाई गरिबमुखी अवधारणाबाट कार्यान्वयन गर्नका लागि पनि उनीहरूको भूमिका सकारात्मक हुनु आवश्यक हुन्छ ।

### गरिबमुखी कार्यक्रम सम्पन्न हुन नसक्नाका कारण

गाउँका अगुवावर्गलाई पन्छाएर सा.व. मा गरिबमुखी कार्यक्रम सम्पन्न गर्न नसकिनाका निम्न कारणहरू छन्:

### क) सामाजिक तथा भौगोलिक संरचना र वन स्रोतसँगको सम्बन्ध

नेपाली समाजको संरचना विविधतापूर्ण छ जहाँ जातीय, आर्थिक, बौद्धिक, लैङ्गिक र पेशागत समूहहरू छन् । वनस्रोतसँग यी समूहहरूको प्रत्यक्ष सम्बन्ध र प्रभाव छ । वनस्रोतको पहुँच र निर्णय प्रक्रियामा जातीय, आर्थिक, बौद्धिक तथा लैङ्गिक संरचनाले विशिष्ट प्रभाव पारेको छ भने पेशागत रुपमा ग्रामीण कृषिमा आधारित लगभग ९०% जनसंख्या वनस्रोतको दैनिक आवश्यकतासँग प्रत्यक्ष आश्रित छन् । यसैगरी भौगोलिक रुपमा पनि सा.व. पहाड, चुरे, तराई र अधिराज्यका सबैजसो भू-भागमा गठन भएका छन् । स्रोत र सरोकारवालाहरूको संरचना र प्रकृति नै विविधतायुक्त भएको परिवेशमा, त्यसमा पनि सा.व. मा गाउँका अगुवावर्ग त प्राथमिक उपभोक्ता नै भएको कारणले उसको भूमिका र उपस्थितिलाई नकार्न, कम आँक्न वा बिर्सन हुँदैन ।

यहाँ मनन गर्नु पर्ने कुरा के पनि हो भने आपसी सम्बन्धको हिसाबले अगुवावर्ग, टाठाबाठा र विपन्न वा गरिब वर्गहरू नितान्त आक्रमक वा समन्वयात्मक दुबै होइनन् । उनीहरूको शक्ति सम्बन्ध एक आपसमा कुनै विरोधाभासपूर्ण र कुनै अन्तरसम्बन्धित छन् । स्वभाव र शैलीको हिसाबले सबै अगुवाहरू गरिबप्रति सम्वेदनशील छैनन् । तर कतिपय धनी-मानी, कथित उपल्लो जात वा पुरुष व्यक्तिहरू समेत उदार, सहयोगी र गरिब तथा विपन्न वर्गको पक्षमा सचेत र सम्बेदनशील भेटिएका छन् । गरिबमुखी कार्यक्रमहरू सञ्चालन गर्दा विर्सन नहुने कुरा के हो भने गरिब भित्रै पनि विविधता छ र त्यसलाई राम्रोसँग विश्लेषण गरेर मात्र आवश्यक रणनीति निर्माण गर्नु पर्ने हुन्छ । सूचना, शिक्षा, पदबाट प्राप्त हुने शक्ति छिटै परिवर्तन हुन्छ । यति मात्र नभएर आर्थिक अवस्थासमेत राम्रो अवसर पाएमा छोटो समयमै सुधार हुन्छ । यस कारणले गरिब वा विपन्नहरूको पहिचान नै एउटा चुनौतीपूर्ण कार्य भएकोले गरिबमुखी कार्यक्रमको सैद्धान्तिक र अवधारणात्मक पक्षलाई स्थलगत रुपमा कार्यान्वयन गर्न स्थानीय अगुवाहरूलाई नै परिचालन गर्नै पर्ने हुन्छ । बाहिरीयाहरूको गाउँको विश्लेषण अपर्याप्त र त्रुटिपूर्ण हुनसक्ने भएकोले स्थानीय टाठाबाठा र बौद्धिक नेतृत्व वर्गलाई गरिबमुखी बनाएर अघि बढाउन कतिपय अवस्थामा लाभदायक हुनसक्छ ।

### ख) सामुदायिक वनको कार्य पद्धति र अगुवाहरूको स्थान

सा.व. नितान्त सामाजिक विकासक्रमको परिणति नभै राज्य संयन्त्रको प्रक्रियाबाट सञ्चालन हुने एउटा कार्यक्रम हो । यसको कार्य सञ्चालनका निम्ति राज्यले नीतिगत तथा कानुनी आधारहरू तय गरेको छ । सैद्धान्तिक तथा नीतिगत रुपमा पनि सा.व. को कार्य सामाजिक, आर्थिक तथा वातावरणीय विकासको समग्रता मानिएकोले गरिबमुखी कार्यक्रम यसको एउटा क्रियाकलाप हो । विषय र आवश्यकता अनुसार क्रियाकलापहरू विभिन्न भए तापनि समग्र उद्देश्यगत कार्यक्रममा

सबै सरोकारवालाहरू समावेश हुन्छन् । सा.व. को कार्य सञ्चालन संस्थागत प्रणालीबाटै हुनुपर्ने कुरा कानुनले निर्धारण गरेको छ । संस्थागत प्रणाली भित्र पनि विभिन्न तह र भिन्ना-भिन्नै भूमिकाहरू छन् । वन मन्त्रालयदेखि उपभोक्ता तहसम्म आइपुग्दा सरकारी र गैह्र सरकारी गरी साधारणतया दसोटा जति तहहरू छन् । उपभोक्ता समूहभित्रै पनि संरक्षण समिति गठनदेखि विधान, कार्ययोजना निर्माण भइ वन हस्तान्तरणको चरणसम्म पुग्दा एक दर्जनभन्दा बढी चरणहरू पार गर्नु पर्ने कुरा अहिलेको मार्ग दर्शनले उल्लेख गरेको छ । यी सबै तह र चरण मार्फत सूचना, शिक्षा तथा संचार प्रवाह गर्ने हालसम्मको प्रभावकारी र अलिक भरपर्दो माध्यम लिखित सामग्री (पुस्तकहरू) र कर्मचारी/सहजकर्ताहरूको भौतिक उपस्थितिनै छ । आम सञ्चारका माध्यमहरू पहिलो त विपन्न वर्गको लागि सर्व सुलभ छैनन् । दोस्रो त्यसबाट प्रसारित सूचना सा.व. को दैनिक कार्य सम्बन्धसँग पर्याप्त छैनन् ।

### ग) सामुदायिक विकासको धारणा र अगुवाहरूको भूमिका

सामुदायिक विकास सामूहिक अभियान हो । सामुहिक अभियानमा सबै सरोकारवालाहरू समान सहभागी हुनुपर्छ र प्रतिफल सबैले समान किसिमले पाउनुपर्छ । नेपालको सामाजिक भौगोलिक विशिष्टतालाई नै हेर्ने हो भने पनि देशको सबै भागमा छरिएर बसेका र सामुदायिक विकासमा बढी सहभागिता भएको वर्ग ग्रामीण तहका मध्यम वर्ग नै हुन् । तिनै वर्गको भूमिका नै स्थानीय विकास र परिवर्तनमा प्रभावकारी रहेको छ । स्वभावतः मध्यम वर्गीय समुदाय विपन्न र सम्पन्न वर्गको साथ लिंदै आर्थिक सम्पन्नता र सामाजिक प्रतिष्ठाको लागि आफ्नो श्रम खर्चिन्छन् । यही अभ्यासकै क्रममा उनीहरू टाठाबाठा र स्थानीय अगुवाको स्थान प्राप्त गर्दछन् । तहगत प्रणालिबाट गरिने विकास कार्यमा वास्तवमा उनीहरू नीति-निर्माता र विपन्न समुदायबीच पुलको काम गर्दछन् । यथास्थितिलाई फड्को मार्दै अग्रगमनमा जान मध्यम वर्गको बढी रुचि हुने हुँदा परिवर्तनका नयाँ-नयाँ विकल्प र विधिहरू पनि यिनीहरूबाट आउन सक्छ जुन सामुदायिक विकास (सा.व. यसको एउटा पाटो हो) को लागि महत्वपूर्ण योगदान बन्न सक्छ ।

### विरोधाभास भित्रै लुकेको एउटा रहस्य

सा.व.को माध्यमबाट प्राप्त हुने स्रोतमा स्थानीय टाठाबाठाहरूले कब्जा जमाएका कारणले अब कर कार्यक्रमहरू बढी भन्दा बढी गरिबमुखी भएर जानुपर्छ भन्ने आवाज उठ्न थालेका छन् । यी आवाजहरू गरिब वर्गले भन्दा राष्ट्रिय र स्थानीय तहका प्रबुद्ध वर्गको संयुक्त प्रयासमा उठन थालेका छन् । यी प्रयासहरू ज्यादै नगन्य मात्रामा भए पनि यसबाट के स्पष्ट हुन्छ भने निमुखा र विपन्न, बञ्चित वर्गको कुरालाई शक्तिशाली रुपमा उठाउन पनि टाठाबाठाहरूकै आवश्यकता छ । फरक यति हो, त्यसलाई कहिले स्थानीय तहका, कहिले राष्ट्रिय तहका अगुवाहरूले उठाउँछन् । माथिका विभिन्न आधारहरूबाट के देखिन्छ भने सा.व. विकासको निम्ति गाउँका अगुवाहरूको योगदान अत्यन्त महत्वपूर्ण छ तर यसको क्रमिक विकासको चरणमा हाल देखा पर्न लागेका सुशासन, लाभांशको समुचित बाँडफाँट र वन स्रोतमै आश्रित विपन्न परिवारहरूको पहुँच घट्दै गएको भन्ने ज्वलन्त सवालहरूलाई सम्बोधन गर्न ती भूमिका र योगदानहरू पर्याप्त भइरहेका छैनन् । यसकारण उनीहरूको भूमिका र कार्यशैलीलाई समय, परिवेश, आवश्यकता र सवालहरूलाई संयोजन तथा सम्वोधन गर्दै जानसक्ने गरी परिमार्जन र रुपान्तरण गर्दै लैजानुपर्ने देखिन्छ ।

**निष्कर्ष**

यो स्थितिमा तहगत संरचनाबाट हेर्दा नीति निर्माता र विपन्न वर्ग बीच भेटघाटै नहुने, चरणगत संरचनाबाट हेर्दा महिनौ दिनसम्म एउटा विपन्न परिवारले समूह गठनकै लागि निःशुल्क सेवा दिने अवस्था नै नहुने, सूचना प्रवाहको माध्यम र विधिलाई हेर्दा विपन्न, निरक्षर र साधारण लेखपढ भएकाले समेत मार्गदर्शन निर्देशिका, विधान-कार्ययोजना अध्ययन गर्न र त्यसको अर्थ बुझ्न नसक्ने स्थिति छ । यस्तो मानवीय स्रोतको स्थितिलाई हेर्दा सरकारी र गैह्र सरकारी क्षेत्रका सबै कर्मचारी/सहजकर्ता जोडदा पनि अहिले भइरहेकै उपभोक्ता समूह र त्यसभित्रका विपन्न वर्गमा पुग्नै नसक्ने स्थितिमा त्यही अभाव केही हदसम्म भए पनि पूरा गर्दै आएको ग्रामीण स्तरका अगुवा वर्ग वा टाठाबाठालाई पन्छाएर सा.व. मा गरिबमुखी कार्यक्रम सम्पन्न गर्न मुस्किल पर्छ । तसर्थ गरिबमुखी कार्यक्रमको अवधारणामा टाठाबाठा वर्गलाई सचेतीकरण र अनुभूतीकरण गर्दै उनीहरूको सोच र शैलीलाई गरिब, विपन्न, निमुखा तथा वञ्चितवर्गको हितमा रुपान्तरण गर्न सकियो भने त्यो नै लक्ष्य प्राप्तिको लागि भरपर्दो माध्यम बन्न सक्छ ।

(लेखक नम्समा कार्यरत हुनुहुन्छ ।)